
के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क २२५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० भदौ १० गते आइतबार ❑ 27 Aug. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## समाजवादी मोर्चा आगामी दिनमा एउटै पार्टी बन्न सक्छ : सचिव पौडेल

पोखरापत्र संवाददाता
पोखरा, ९ भदौं



सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का सचिव एवं गण्डकी प्रदेशका इन्चार्ज देवेन्द्र पौडेलले समाजवादी मोर्चामा रहेका दलबीच एकीकरण भएर एउटै पार्टी बन्ने सम्भावना रहेको बताउनुभएको छ ।

नेकपा (माओवादी केन्द्र) पोखरा महानगर समितिको दोस्रो विस्तारित बैठकको शनिबारउद्घाटनका अवसरमा उहाँले समाजवादी मोर्चा वर्तमान संसद्को अङ्कगणितका लागि मात्र नभएको स्पष्ट पार्नुभयो । नेता पौडेलले विचार मिल्नेसँग सुरुआतमा मोर्चा बनाउने र पछि पार्टी एकीकरण गर्ने नीति माओवादीले लिएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "विपक्षीले समाजवादी मोर्चालाई संसद्को अङ्कगणितसँग मात्र जोडेर प्रचार गरेका छन् । मोर्चा संसद्को अङ्कगणित जोगाउन होइन । विचार मिल्नेसँग मोर्चा बनाउने, मिल्यो भने पार्टी एकीकरण गर्ने नीति हाम्रो हो । सोही नीतिअनुसार अहिले मोर्चा बनेको छ, भोलि मोर्चामा आबद्ध दलहरूबीच एकीकरण भएर एउटै पार्टी बन्न पनि सक्छ ।" इन्चार्ज पौडेलले आगामी भदौ १६ गतेदेखि देशभर सुरु हुने 'जनतासँग माओवादी विशेष रूपान्तरण अभियान'लाई प्रभावकारी बनाउने गरी खटिन नेता- कार्यकर्तालाई निर्देशन दिनुभयो । पार्टीले तोकेको वडा र प्रत्येक घरमा पुगेर वर्तमान सरकारले सुशासन र समृद्धिका लागि गरेका काम जनतालाई बुझाउँदै जनताबाट सुझाव लिन उहाँले आग्रह गर्नुभयो । रुपान्तरण अभियानका लागि पार्टीका केन्द्रीय सदस्य र प्रदेश पदाधिकारीलाई पालिकामा र प्रदेश सदस्यलाई वडामा जिम्मेवारी दिएर खटाइएको नेता पौडेलले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "पार्टी पुनःनिर्माणको सङ्कल्प गरेर जनतामा जाने निर्णय गरेका छौँ । अभियानका क्रममा हामी प्रदेशका सबै वडा-वडामा जान्छौँ । केन्द्रीय समितिका सदस्य र प्रदेशका पदाधिकारी पालिकामा, प्रदेशका सदस्य वडामा जाने र अभियानको नेतृत्व गर्ने गरी जिम्मेवारी तोकेका छौँ । अभियानले पार्टीलाई नयाँ उचाइमा लैजाने विश्वास लिएका छौँ ।" माओवादी केन्द्रलाई देशको प्रमुख पार्टी बनाउने आशा र विश्वासका साथ लाग्न उहाँले विशेष आग्रह गर्नुभयो । अभियानका क्रममा हरेक कार्यकर्ताले तीन जना पार्टी सदस्य थप गर्नुपर्ने उहाँले बताउनुभयो । "हाम्रा नेता-कार्यकर्ता पार्टी बन्दैन भनेर निराश हुन्छन् । पहिल्यै पार्टी बन्दैन भनेर निराश भएपछि कसरी पार्टी बन्छ ? यसरी निराश होइन, आशा र विश्वासका साथ पार्टी बनाउन लाग्नुभयो भने पार्टी अहिलेभन्दा सुदृढ हुन्छ", इन्चार्ज पौडेलले भन्नुभयो । माओवादी केन्द्र पोखरा महानगर समितिले तीनमहिने अभियानका लागि कार्ययोजना बनाएर जनतामाझ जाने कमिटीका अध्यक्ष हरिनारायण गिरीले बताउनुभयो । महानगरका ३३ वटै वडाका प्रत्येक घरमा पुग्ने गरी कार्ययोजना बनाइएको उहाँले जानकारी दिनुभयो ।

## ज्येष्ठ नागरिकको हक सुनिश्चिततामा जोड

पोखरापत्र संवाददाता
पोखरा, ९ भदौं

पोखरा वृद्धाश्रमको शनिबार आयोजित २६औँ वार्षिक साधारणसभामा ज्येष्ठ नागरिकलाई समाजमा सम्मानपूर्वक बाँच्न पाउनुपर्ने हक सुनिश्चित हुनुपर्नेमा जोड दिइएको छ ।

संविधान एवं अन्य ज्येष्ठ नागरिक सम्बद्ध ऐन तथा कानुनले ज्येष्ठ नागरिकको हकलाई सुनिश्चित गरेपनि कतिपय ज्येष्ठ नागरिक अहिले पनि हकअधिकारबाट बञ्चित भएको वक्ताहरूले बताएका छन् ।

कार्यक्रममा प्रतिनिधिसभा सदस्य विद्या भट्टराईले ज्येष्ठ नागरिकले समाजमा सम्मानपूर्वक बाँचन पाउनुपर्ने बताउँदै त्यसको पहिलो दायित्व परिवारको र दोस्रो दायित्व राज्यको भएको बताउनुभयो । विभिन्न हकसहितको नागरिक संविधानले परिकल्पना गरेको बताउँदै उहाँले उल्लेखित हक अधिकारको कार्यान्वयन अपरिहार्य भएको बताउनुभयो । ज्येष्ठ नागरिको संरक्षणमा पोखरा वृद्धाश्रमले गरेको योगदानको




उहाँले प्रशंसा गर्नुभयो ।

प्रदेशसभा सदस्य भीम कार्कीले पोखरा वृद्धाश्रमले अप्ठ्यारोमा परेका ज्येष्ठनागरिकलाईसाहारादिएको बताउँदै समाजमा उहाँहरुको सम्मानपूर्वक बाँच्न पाउनुपर्ने हक, अधिकारलाई सुनिश्चित गरिनुपर्नेमा जोड दिनुभयो । पोखरा वृद्धाश्रमका अध्यक्ष कुसुमकेशव पराजुलीले ज्येष्ठ नागरिकको संरक्षणमा चाहे अनुसारको व्यवस्थापन अझै गर्न नसकिए पनि निरन्तररुपमा लागिरहेको बताउनुभयो । समुदायमा आधारित वृद्धाश्रमका रुपमा पोखरा वृद्धाश्रमले ज्येष्ठ नागरिकको संरक्षण गर्दै उहाँहरुको हक, अधिकार सुनिश्चित गरिरहेको उहाँले जानकारी गराउनुभयो । ज्येष्ठ नागरिकको बिर्सने रोगको निःशुल्क उपचार, फिजियोथेरापीको व्यवस्थासँगै स्वास्थ्य सहायकसमेतको व्यवस्थापन गरिएको अध्यक्ष पराजुलीले जानकारी दिनुभयो । वृद्धाश्रमले विभिन्न तीन टोलमा घुम्ती स्वास्थ्य सेवा सञ्चालनको योजना बनाइरहेको उहाँको भनाइ थियो ।

वार्षिक साधारसभाका अवसरमा पत्रकारिता एवं लेखनका माध्यमबाट महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै 'ऋषिलीला ज्येष्ठ नागरिक पत्रकारिता पुरस्कार'बाट रविन्द्र माकाजुलाई सम्मान गरिएको थियो । उक्त पुरस्कार पोखरा बृद्धाश्रमले जेष्ठ नागरिक सम्बन्धी कलम चलाउने लेखक तथा सञ्चारकर्मीलाई प्रदान गर्दै आइरहेको छ । पत्रकार माकाजू स्वतन्त्र लेखक हुन् भने उनले करीव ५ दर्जन पुस्तक लेखिसकेका छन् । यस अघि उक्त पुरस्कारद्धारा चट्टयाङ मास्टर, हरि बास्तोला, दिपेन्द्र सम्मानित भइसकेका छन् भने पुरस्कारको रासी पच्चीस हजार रहेको जनाइएको छ ।

उक्त अवसरमा पोखरा वृद्धाश्रमका उपाध्यक्ष केशव लम्सालले ज्येष्ठ नागरिकको मिर्गौला लगायतको रोगको उपचारका लागि सहयोग पुऱ्याउन स्व छोरा ध्रुव लम्सालको स्मृतिमा रू एक लाखको स्वास्थ्य कोष स्थापनार्थ चेक हस्तान्तरण गर्नुभएको थियो ।

कार्यक्रममा पोखरा महानगरपालिका-१७ का वडाध्यक्ष राधिका शाही योगी, नेपाल निवृत्त समाजका केन्द्रीय उपाध्यक्ष तोयानाथ लामिछानेलगायतको सहभागिता थियो ।

## गण्डकी विश्वविद्यालय ५ किलोमिटर सडक दौडमा छात्र तर्फ परियार र छात्रा तर्फ कार्की प्रथम

### खेलकुदले नेतृत्व गर्न सिकाउछ : मन्त्री सिंखडा

पोखरापत्र संवाददाता
पोखरा, ९ भदौं

गण्डकी विश्वविद्यालय ५ किलोमिटर सडक दौड प्रतियोगितामा छात्र तर्फ ५ कृष्ण बहादुर परियार र छात्रा तर्फ भने स्कृति कार्कीले उपाधि जितेका छन् ।

छात्र तर्फ भने मनोज रोक्कामगर दोश्रो भए । बादल कार्की तेस्रो भए । विशन परियारले शान्त्वना भए । महिला तर्फ ५ किलोमिटर दौडमा सुस्मिता रानाभाट दोस्रो भइन् भने टुका कुमारी नेपाली तेश्रो भइन् । रेशम गुरुङ सान्त्वना भइन् । प्रतियोगितामा विजेता छात्र तथा छात्राले १० हजार र दोश्रो हुनेले ७ हजार र तेश्रो हुनेले ५ हजार र शान्त्वना



हुनेले २ हजार पुरस्कार प्राप्त गरे । प्रतियोगितामा विभिन्न ४१ बिद्यालयबाट २ सय ८० जना विद्यार्थीहरु सहभागी भएका थिए । विजयी खेलाडीहरुलाई शनिबार गण्डकी प्रदेश सामाजिक बिकास तथा स्वास्थ मन्त्री सुशीला सिंखडा, नेपाल ओलम्पिक कमिटिका उपाध्यक्ष तेज बहादुर गुरुङ, कार्यक्रम संयोजक मधुसूदन सुवेदी लगायतले पुरस्कार वितरण गरे ।

कार्यक्रममा बोल्दै मन्त्री सिंखडाले खेलकुद बालबालिकाको बृद्धि बिकास गर्ने र नेतृत्व र सहयात्री बनेर हिड्न सिकाउने बताएकी छन् । विद्यालयले विद्यार्थीलाई अध्यनमा मात्र सिमित नराखी खेलकुद क्षेत्रलाई पनि संगै अघि बढाउनुपर्ने बताईन । पछिल्लो समयमा खेलकुद क्षेत्र व्यसायीक हिसाबले जोडिदै आएको उनको भनाइ छ । खेलकुद किताब भन्दा बाहिर ज्ञान दिने बताउदै खेलकुदको तिव्र रुपमा खेलकुदमा बिकास भैरहेको बताईन । कुलपति गणेशमान गुरुङले खेलकुद व्यवस्थापन, बि.ए., एलएल.बि. कानुन, बि फार्मेसी, बिबिए लगायतका बिषयमा पढाइ हुँदै आएको छ ।

खेलकुद व्यवस्थापन विषयका कार्यक्रममा संयोजक मधुसूदन सुवेदी खेलाडीको हासैलाको लागि प्रतियोगिता आयोजना गरेको बताए । दौड प्रतियोगिताले खेलकुदको बिकासमा सहयोग पुऱ्याउने धारण राखे ।

## एक-अर्काको धर्म, संस्कार र आस्थालाई सम्मान गरौँ : सभापति लामिछाने

रासस
काठमाडौं, ९ भदौं

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले धरानमा पछिल्लो समय विकास भएको घटनाबारे सबै पक्ष संवेदनशील बन्नुपर्ने धारणा राख्नुभएको छ ।

कार्यक्रमका सहभागी हुन चितवन आउनुभएका लामिछानेले भरतपुर विमानस्थलमा सञ्चारकर्मीसँग कुरा गर्दै सामाजिक सञ्जालमा वैमनश्यता फैलाउने प्रतिक्रिया नदिन र संवादको माध्यमबाट समस्या समाधानमा जोड दिन सबैलाई आग्रह पनि गर्नुभयो । उहाँले कुनै पनि अतिवादलाई स्वीकार गर्न नसकिने भन्दै सबै पक्ष शान्तिपूर्ण ढङ्गले अगाडि बढ्नुपर्ने बताउनुभयो । उहाँले सबैलाई सद्भाव कायम राख्न अपिल समेत गर्नुभयो । सभापति लामिछानेले आमसञ्चार

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

## सामाजिक सद्भाव कायम राख्न नेपाली कांग्रेसको अपिल

रासस
काठमाडौं, ९ भदौं

केही दिनयता धरानमा भएको द्वन्द्वले धार्मिक, सांस्कृतिक तथा सामाजिक एकता र सद्भावनामा खलल पुऱ्याउन सक्ने विषयप्रति सत्तारुढ दल नेपाली कांग्रेसले चिन्ता प्रकट गर्दै सामाजिक, धार्मिक र राजनीतिक सद्भाव कायम राख्न सार्वजनिक अपिल गरेको छ ।

"परापूर्वकालदेखि विभिन्न जात-जाति, धर्म, संस्कृति र सम्प्रदायका नागरिक आपसी सम्मान र गहिरो सद्भावले मिलेर बसेको मात्रै होइनौँ, राष्ट्र निर्माण र विकासका लागि हातेमाले गर्दै आएका छौँ", कांग्रेस सभापति शेरबहादुर देउवाले जारी गर्नुभएको अपिलमा भनिएको छ, "नेपालको कानुनले हरेक व्यक्ति र सम्प्रदायलाई अरुको धर्म, संस्कृति र आस्थामा चोट नपुऱ्याइ आ-आफ्नो धर्म-संस्कृतिको पालना गर्ने स्वतन्त्रता प्रदान गरेको कुरा पनि भुल्नु हुँदैन । साथै कसैको धर्म, संस्कृति र परम्पराप्रति कसैले दखल पुऱ्याउन पनि उचित हुँदैन ।" नेपालीको भावना र चाहनाविपरीत धार्मिक तथा सांस्कृतिक सद्भाव भड्काउने गतिविधि कसैका लागि पनि हितकारी नहुने नेपाली कांग्रेसको ठहर छ । सामाजिक सद्भाव भड्किँदा निम्तिन सक्ने परिस्थितिको बेलैमा अनुमान गरी हरेक व्यक्ति, समुदाय तथा सम्प्रदायलाई सचेत हुन पनि कांग्रेसले आग्रह गरेको छ । अहिले देखिएको धार्मिक अस्थिरताको संवेदनशीलतालाई मध्यनजर गरी सबै राजनीतिक दल, स्थानीय जनप्रतिनिधि र धार्मिक सङ्घसंस्था एवं समाजका अग्रज व्यक्ति एक ठाउँमा उभिएर सामाजिक सद्भाव कायम गर्ने कार्यमा जुट्न समेत कांग्रेसले अपिल गरेको छ ।

# युवा संघ पोखरा १९ मा कुशल

**पोखरापत्र संवाददाता**
पोखरा, ९ भदौं

नेकपा एमाले निकट राष्ट्रिय युवा संघ नेपाल पोखरा महानगरपालिका वडा नं १९ को भेलाले कुशल रानाको अध्यक्षतामा नयाँ समिति चयन गरेको छ।

शनिबार सम्पन्न भेलाले उपाध्यक्षमा विनोद भुजेल, सचिवमा कुसल पौडेल, उपसचिवमा सुविना पौडेल, सचिन केसी र कोषाध्यक्षमा दिलिप पुनलाई चयन गरेको छ।



संघको सदस्यमा सुनिल पौडेल, सुदिप गौतम, सुमन पौडेल, दुर्गा तिमिल्सिना, भोज व केसी, प्रेम भुजेल, विदुर आचार्य, सन्दिप गौतम, स्मृति अधिकारी, लक्ष्मण थापा,कर्णमोहन सुनार, संकल्प भण्डारी, कन्चन गहतराज, विजय पुन, मोहन बस्नेत, अनु राइ, सुदिप गौतम, दिवस पौडेल, छविन पुन, वसन्त पुन,अन्जन केसी, बलराम पौडेल, बिक्रम केसी, विशाल नेपाली, आनन्द गुरुङ र सुजन रोक्का चयन भएको नेता विकास आचार्यले जानकारी दिनुभयो।

यसअघि भेलाको उद्घाटन गर्दै राष्ट्रिय युवा संघ नेपालका केन्द्रीय सचिव अनिता लिम्बुले युवाहरु जागृत भए परिवर्तन सम्भव हुने बताउदै, जन विरोधी काम गर्ने वर्तमान सरकारका विरुद्ध उत्रिन आग्रह गर्नुभयो। राम आचार्यको अध्यक्षतामा भएको कार्यक्रममा एमालेका प्रदेश कमिटीका सचिवालय सदस्य दिपक पौडेल, शोभा मोहन पौडेल, जिल्ला नेता सुरेन्द्र मान सिंह भण्डारी, नेकपा एमाले पोखरा १९ का अध्यक्ष विष्णु गौतम लगायतले हरेक विकृति र विसङ्गतिलाई अन्त्य गर्न युवाहरुको भुमिका महत्वपूर्ण हुने बताए।

सो अवसरमा सहभागि युवाहरुलाई पार्टी र आगामी भुमिकाको वारेमा प्रशिक्षण दिईएको थियो।

# नेपाली सेनाद्वारा विद्यार्थीलाई राष्ट्रिय सेवा दल तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, ९ भदौं

तनहुँका तीन विद्यालयमा नेपाली सेनाले राष्ट्रिय सेवा दल गठन गरेको छ। भानु नगरपालिका तथा आँबुखैरेनी र बन्दीपुर गाउँपालिकाका तीनवटा विद्यालयमा नेपाली सेनाले राष्ट्रिय सेवा दल गठन गरी तालिम सुरु गरेको हो।

व्यास नगरपालिका-५ चापाघाटस्थित कालीभञ्जन गण (ई)ले जुनियर डिभिजनतर्फ आँबुखैरेनी गाउँपालिका-१ स्थित मित्रता मावि र रुरु भैरवदल गणले भानु नगरपालिका-१२ स्थित सरस्वती मन्दिर माविमा सेवा दल गठन गरेका हुन्। सिनियर डिभिजनतर्फ रुरु भैरवदल गणले बन्दीपुर गाउँपालिका-१ स्थित पवित्रा माविमा सेवा दल गठन गरेको छ। प्रत्येक विद्यालयमा १८ छात्र र १८ छात्रा गरी ३६ जनाको सेवा दल गठन गरिएको कालीभञ्जन गण (ई)का गणपति प्रमुख सेनानी रामज्योति बोहोराले जानकारी दिनुभयो।

'राष्ट्रिय एकता'को भावना जगाउन तालिम सुरु गरिएको बोहोराले बताउनुभयो। नेपाली सेनाद्वारा बालबालिकामा विद्यालयस्तरबाटै राष्ट्रिय भावना जागृत गर्न, अनुशासन, बफादारिता, इमान्दारिता र नेतृत्व गर्ने बानीको विकास गर्ने उद्देश्यले राष्ट्रिय सेवा दल गठन गर्ने गरिएको छ। कालीभञ्जन गणले विगतका वर्षमा व्यास नगरपालिका-३ स्थित वाराही आवासीय माध्यमिक विद्यालय, व्यास नगरपालिका-१० स्थित चण्डिदेवी राष्ट्रिय माध्यमिक विद्यालय र व्यास नगरपालिका-१ स्थित निर्मल माध्यमिक विद्यालयमा सेवा दलमा विद्यार्थी आबद्ध गराई तालिम सञ्चालन गरेको थियो।

सेवा दलमा आबद्ध विद्यार्थीलाई तीन महिनाको तालिम प्रदान गरिनेछ। तीन महिनासम्म विद्यार्थीलाई बिहान ६ बजेदेखि ८ बजेसम्म र साँझ ४ बजेदेखि साँझ ६ बजेसम्म तेक्वान्दो, ड्रिललगायतका तालिम प्रदान गरिनेछ।

प्राकृतिक प्रकोपलगायतका विपद् भइरहने र जनधनको क्षति हुने गरेका कारण स्थानीयस्तरमै जनशक्ति तयार गर्ने उद्देश्यले ऐनमा भएको व्यवस्थाअनुसार दल गठन गरिएको हो। दलमा आबद्ध विद्यार्थीलाई एल्मुनाई एशोसिएसनमार्फत सक्रिय गराई सामाजिक कार्यमा समेत उत्प्रेरणा जगाउने लक्ष्य लिइएको गणपति बोहोराको भनाइ छ।

विशेषगरी स्थानीयस्तरमा हुने विभिन्न खालका विपद्मा खोज तथा उद्धारका लागि राष्ट्रिय सेवा दलमा विद्यार्थीलाई आबद्ध गराएको जनाइएको छ। गणले दलमा आबद्धपूर्व विद्यार्थी र उनका अभिभावकलाई उद्देश्यबारे जानकारी गराउने गर्दछ। साथै विद्यार्थीको रुचि, उचाइ, तौल तथा शारीरिक स्वस्थतालगायत मापदण्डका आधारमा छनोट गरिएको जनाइएको छ। विद्यार्थीको अतिरिक्त समयमा सेनाको टोलीले विपद्मा खोज तथा उद्धारसम्बन्धी तालिम प्रदान गर्नेछ। सेनाले नै पोशाकलगायतका आवश्यक सामग्री उपलब्ध गराइन्छ।

तालिमपश्चातको 'क्लोज क्याम्प'बाट उत्कृष्ट भएकालाई सेनाले विभिन्न देशमा अध्ययन भ्रमणका लागि पठाउने गरेको छ। राष्ट्रिय सेवा दलमा आबद्ध विद्यार्थीमा राष्ट्र निर्माणमा जिम्मेवार बन्ने, समूहको नेतृत्व गर्न सक्ने क्षमताको विकास हुने, इतिहास तथा राष्ट्रियताप्रति बफादारितासँगै रक्षार्थ सहयोग पुग्ने अपेक्षा गरिएको छ।

# नेपालले जित्यो महिला टी-२० सिरिजको उपाधि

**रासस**
काठमाडौं, ९ भदौं

चार देश सम्मिलित महिला टी-ट्वान्टी सिरिजको उपाधि नेपालले जितेको छ। शनिबार भएको फाइनल खेलमा नेपालले हङकङलाई १३ रनले हराउँदै उपाधि हात पारेको हो। नेपालले ब्याटिङ गरिरहँदा वर्षा भएपछि खेलको छिनोफानो डकवर्थ लुइस पद्दतीका आधारमा गरिएको हो।

मलेसियाको राजधानी क्वालालम्पुरस्थित बायुमास ओभल क्रिकेट मैदानमा नेपालले टस जितेपछि पहिला बलिङ गर्ने निर्णय गऱ्यो। मलेसियाले नेपालविरुद्ध ब्याटिङ गर्दै निर्धारित २० ओरमा ६ विकेट गुमाउँदै एक सय एक रन बनायो। एक सय दुई रनको विजयी लक्ष्यका साथ मैदानमा उत्रिएको नेपालले पाँच दशमलव तीन ओभर खेल्दा वर्षा भएपछि खेल रोकियो। त्यतिबेला नेपालले एक विकेटको क्षतिमा ३७ रन बनाएको थियो। इन्दु बर्मा १९ तथा सीता राना मगर १३ रनका साथ खेल्दै थिइन्। त्यसअघि काजल श्रेष्ठ भने रन नबनाइकन आउट भइन्। वर्षा अत्यधिक भएपछि खेल पुनः सुरु हुन नसकेपछि नेपाललाई विजयी घोषित गरिएको हो।

यसअघि हङकङका लागि ब्याटिङ गर्दै याशमिन दासवानीले ११, का यिङ चानले २९, मारिना एन्तोनियाले १९ तथा शान्जिन शाहजादले अविजित १४ रन बनाइन्। बलिङतर्फ नेपालका लागि खुशी डङ्गोलले तीन तथा अश्मिना कर्माचार्य र कविता जोशीले एक/एक विकेट लिइन्। फाइनल खेलको प्लेयर अफ दी म्याच नेपालकी खुशी डङ्गोल भइन्। नेपालले समूह चरणको पहिलो खेलमा हङकङलाई ६ विकेटले तथा दोस्रो खेलमा कुवेतलाई ३४ रनले हराएको थियो। अन्तिम खेलमा नेपाल मलेसियासित ६ विकेटले पराजित भएको थियो। यसैगरी हङकङ पहिलो खेलमा नेपालसित ६ विकेटले पराजित भएको थियो। उसले दोस्रो खेलमा मलेसियालाई १० विकेटले तथा तेस्रो खेलमा कुवेतलाई १६ रनले पराजित गरेको थियो। महिला टी-ट्वान्टी सिरिजमा आयोजक मलेसियासहित नेपाल, हङकङ र कुवेत सहभागी भएका थिए।

यही अगष्ट ३१ तारिखदेखि मलेसियामै हुने आइसिसी महिला टी-२० विश्वकप एसिया क्वालिफायरको तयारीस्वरुप नेपालले उक्त सिरिज खेलेको हो।

# एकता र सद्भावको पक्षमा उभिन प्रधानमन्त्रीको अपिल

**रासस**
काठमाडौं, ९ भदौं

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सामाजिक सद्भाव र एकता कायम राख्न अपिल गर्नुभएको छ। केही दिनयता धरानमा भइरहेका गतिविधिबारे चिन्ता व्यक्त गर्नुहुँदै प्रधानमन्त्री दाहालले धार्मिक तथा समुदायगत एकता, सहकार्य र सामाजिक सद्भावको वातावरण बनाइराख्न आग्रह गर्नुभएको हो।

यस्ता गतिविधिले सामाजिक एकतामा पार्न सक्ने नकारात्मक प्रभावबारे सरकार गम्भीर रहेको जनाउनुहुँदै प्रधानमन्त्री दाहालले संवाद र सहाकार्यका माध्यामबाट समस्या समाधानका लागि पनि अपिल गर्नुभएको छ। "एकले अर्काको विचार, आस्था र भावनाको सम्मान गरेरमात्र सही अर्थमा राष्ट्रिय एकता हासिल गर्न सकिन्छ। त्यसका लागि संवाद र सहकार्यका माध्यमबाट समस्याको समाधान गर्न र सम्भावित समस्याबाट समाज र नागरिकलाई सुरक्षित राख्न नेपाल सरकारले आवश्यक सतर्कता अपनाइरहेको व्यहोरासमेत म स्पष्ट गर्दछु", प्रधानमन्त्रीले भन्नुभएको छ, "धरानमा विद्यमान विभाजित मनोविज्ञान र क्रियाकलापलाई संवादको माध्यमबाट समाधान गर्न सकिनेतर्फ ध्यानाकर्षण गराउँदै त्यस दिशामा आवश्यक पहलका निम्ति स्थानीय राजनीतिक दल, सामाजिक सङ्घसंस्था, बौद्धिक समुदाय र आदरणीय जनसमुदायमा हार्दिक अपिल गर्दछु।" विमतिलाई संवादको माध्यमबाट समाधानमा पुऱ्याउन राजनीतिक शक्ति, विभिन्न सामाजिक संस्था, धार्मिक समुदाय र त्यसका अगुवा एवं नागरिक समाजको भूमिका महत्त्वपूर्ण रहनेमा प्रधानमन्त्री दाहालले जोड दिनुभएको छ। धार्मिक तथा समुदायगत एकता, सहकार्य र सामाजिक सद्भावका माध्यमबाट नै राष्ट्र निर्माणको ऐतिहासिक कार्यभार पूरा गर्न सकिनेबारे पनि उहाँले नागरिकलाई स्मरण गराउनुभएको छ। सामाजिक एकतामा खलल पुग्ने कार्यबाट टाढा रही एकता र सद्भावको पक्षमा उभिन र समस्या समाधानका निम्ति आ-आफ्नो ठाउँबाट हरसम्भव पहल गर्नका लागि धरानवासीलाई पनि प्रधानमन्त्रीले आग्रह गर्नुभएको छ। "नेपालको संविधानले प्रत्येक व्यक्तिलाई प्रचलित सामाजिक एवं सांस्कृतिक परम्पराको मर्यादा राखी परापूर्वदेखि चलिआएको आफ्नो धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने हक सुनिश्चित गरेको छ। कसैले कसैको धर्म र भावनाप्रति नकरात्मकता, द्वैष बढाउने तथा एक-अर्काको धर्ममा खलल पार्ने गरी कुनै काम, व्यवहार गर्न कानुनतः निषेध गरिएको छ", प्रधानमन्त्रीले जारी गरेको अपिलमा भनिएको छ। उहाँले जुनसुकै जाति, भाषा, धर्म र सम्प्रदायका मानिस भए पनि सामाजिक सम्बन्ध र सहकार्यबिना हाम्रो व्यक्तिगत जीवन र सामाजिक प्रणालीले पूर्णता प्राप्त गर्न नसक्ने बताउनुभयो। उहाँले हामीबीचको एकता, सद्भाव र सहकार्य भावनात्मक सम्बन्धका साथै सामाजिक प्रगति र विकासका निम्ति अपरिहार्यसमेत रहेको बताउनुभयो

# एक-अर्काको ...

माध्यममा त्रियाशीलहरूलाई अझ बढी जिम्मेवार भएर लाग्न अनुरोध गर्नुभयो। उहाँले सामाजिक सञ्जालका प्रयोगकर्ता रहेका जुनकुनै दलका समर्थक सदस्य भए पनि यस्ता घटनामा संयमित हुन र एक अर्काको धर्म, आस्था र संस्कारलाई सम्मान गर्न आग्रह गर्नुभयो।

सभापति लामिछानेले भरतपुरमा चलाइएको मोबाइल क्लिनिक र ब्लु बसको बारेमा टिप्पणी गर्दै आफूहरूले केही नयाँ परिवर्तन गर्न खोजेको धारणा राख्नुभयो।

उहाँले भन्नुभयो, "यसबाट भविष्यमा बहुआयामिक ढङ्गबाट सोचेर अगाडि बढ्नुपर्छ भन्ने शिक्षा प्राप्त भएको छ।" उहाँले संसदीय समितिमा सत्तापक्ष र प्रतिपक्षको भागबण्डा भएको भन्दै आफूले पनि उम्मेदवारी दिन लागेको जानकारी दिनुभयो।


## आँखा पाक्ने रोगबाट बच्ने उपाय

- संक्रमित व्यक्तिको सम्पर्कमा नजाने,
- संक्रमण भएको छ भने भीडभाडमा नजाने,
- संक्रमित व्यक्तिले प्रयोग गरेका टावेल, रुमाल, सिरानी, तन्ना जस्ता वस्तुको प्रयोग नगर्ने,
- जथाभावी आँखा नछुने, छुनैपर्ने भएमा छुनु अघि वा छोइसकेपछि साबुन पानीले राम्रोसँग हात धुने,
- व्यक्तिगत सरसफाइमा ध्यान दिने।

नेपाल सरकार
विज्ञापन बोर्ड


# सुन तस्करी प्रकरण : प्रहरीले माग्यो इन्टरपोलको सहयोग

**रासस**
काठमाडौं, ९ भदौं

नेपाल प्रहरीले सुन तस्करी प्रकरणमा विदेशी नागरिकहरूको समेत संलग्नता देखिएकाले इन्टरपोलको सहयोग मागेको छ।

सुन तस्करी प्रकरणको अनुसन्धान गरिरहेको नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले अन्तर्राष्ट्रिय प्रहरी सङ्गठन (इन्टरपोल)लाई सहयोगका लागि पत्राचार गरेको छ। प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले इन्टरपोल हङ्कङ र भारतलाई सहयोगका लागि पत्राचार गरिएको जानकारी दिनुभयो। गत साउन ३ गते हङ्कङबाट ल्याइएको ६० किलो सात सय १६ ग्राम सुन राजस्व अनुसन्धान विभागले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय अगाडिबाट बरामद गरेको थियो। त्यसपछि अहिले सुन प्रकरणको अनुसन्धान सिआइबीले गरिरहेको छ। सिआइबीले हिजोमात्रै सुन प्रकरणका आवश्यक सूचना र जानकारी भए उपलब्ध गराइदिन अनुरोधसमेत गरेको छ।


सुन प्रकरणमा भारतीय र चिनियाँ नागरिकसमेत संलग्न रहेको भन्दै त्यहाँ रहेको इन्टरपोलसँग समन्वयका लागि पत्राचार गरिएको प्रहरीको भनाइ छ।


## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
- शरिरको एक हर नचल्ने।
- मुख बाङ्गो भएको।
- खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
- हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

**महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ । –गीता

## सम्पादकीय

# सामाजिक सद्भाव कायम राखौँ

केही दिनयता धरानमा धार्मिक र जातीय सद्भाव भड्काउने खालका गतिविधि सामाजिक संजालबाट भएका छन् । साँस्कृतिक नगरी धरानमा मिलेर बसेको समुदायलाई भड्काउने प्रयास बाहिरबाट हुन सक्ने भनी सबै क्षेत्रबाट चासो र चिन्ता प्रकट भएको छाधार्मिक आस्था र सामाजिक सद्भाव बिगार्न बाहिरबाट निरन्तर प्रयास भएका थिए । स्थानीय, प्रादेशिक र केन्द्रीय सरकारले समयमै अग्रसरता लिएको भए अहिलेको अन्योलको अवस्था आउने थिएन । धरानमा भइरहेका गतिविधि र त्यसले सद्भाव एवं एकतामा पार्न सक्ने नकारात्मक प्रभावबारे सरकार गम्भीर रहेको भन्दै सामाजिक एकता र सद्भावको पक्षमा उभिन सत्तारूढ र प्रतिपक्षी दलका नेताहरूले अपिल गरेका छन । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले शनिबार एक अपिल प्रकाशित गरि सामाजिक सद्भाव र एकताको पक्षमा उभिन आव्हान गरेका छन ।

'केही दिनयता सांस्कृतिक नगरी धरानमा भइरहेका गतिविधि र त्यसले हाम्रो सद्भाव एवं एकतामा पार्न सक्ने नकारात्मक प्रभावबारे नेपाल सरकार गम्भीर छ । हरेक समस्या, विमति र चुनौतीहरूलाई संवाद, सहमति र सहकार्यको बलमा नै समाधान दिन सकिन्छ भन्ने तथ्य हरेक चुनौतीपूर्ण परिस्थितिमा हामीले प्रदर्शित गर्दै आएको एकता र सहकार्यले प्रमाणित गरिसकेको छ,' प्रधानमन्त्रीले अपिलमा भनेका छन् । 'धरानमा विद्यमान विभाजित मनोविज्ञान र क्रियाकलापलाई पनि संवादको माध्यमबाट समाधान गर्न सकिनेतर्फ गम्भीर ध्यानाकर्षण गराउँदै त्यस दिशामा आवश्यक पहलका निम्ति स्थानीय राजनीतिक दल, सामाजिक संघसंस्थाहरू, बौद्धिक समुदाय र आदरणीय जनसमुदायमा म हार्दिक अपिल गर्दछु ।'प्रधानमन्त्रीले भनेका छन ।

उनले विविधताबीचको एकतालाई शब्दमा मात्र नभएर आस्था, विचार र कर्ममा समेत आत्मसा तगर्दै अगाडि बढिरहेको मुलुक भएको बताएका छन्। धरानका राजनीतिक दल, पुर्व मेयरहरु र सामाजिक संघ संस्थाले सामाजिक सद्भाव कायम राख्न र समस्याको समाधान संवादबाट हल गर्न अपिल गरेका थिए । 'नेपाल बहुजातीय, बहुभाषिक तथा बहुसांस्कृतिक विशेषतायुक्त संघीय लोकतान्त्रिक मुलुक हो । विविधतासहितको एकतामा आधारित हाम्रो धर्म, संस्कृति र परम्परा एकअर्काको आस्था, भावना र परम्पराप्रति सहिष्णुतासहित सामाजिक सद्भाव र राष्ट्रिय एकता एवं स्वाधीनताको पक्षमा अनुबन्धित हुँदै आएको छा विश्वमा नेपाल यस्तो मुलुक हो, जसले विविधताबीचको एकतालाई शब्दमा मात्र नभएर आस्था, विचार र कर्ममा समेत आत्मसात गर्दै अगाडि बढिरहेको छ,' । प्रधानमन्त्रीले अपिलमा भनेका छन् ।

संविधानले प्रत्येक व्यक्तिलाई प्रचलित सामाजिक एवं सांस्कृतिक परम्पराको मर्यादा राखी परापूर्वदेखि चलिआएको आफ्नो धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने हक सुनिश्चित गरेको भन्दै प्रधानमन्त्रीले कसैले कसैको धर्म र भावनाप्रति नकरात्मकता, द्वैष बढाउने तथा एक–अर्काको धर्ममा खलल पार्ने गरी कुनै काम, व्यवहार गर्न कानुनतः निषेध गरेको उल्लेख गरेका छन् । 'धार्मिक तथा समुदायगत एकता, सहकार्य र सामाजिक सद्भावका माध्यमबाट नै राष्ट्र निर्माणको ऐतिहासिक कार्यभार पूरा गर्न सकिन्छा एकले अर्काको विचार, आस्था र भावनाको सम्मान गरेर मात्र साँचो अर्थमा राष्ट्रिय एकता हासिल गर्न सकिन्छा त्यसका लागि संवाद र सहकार्यका माध्यमबाट समस्याको समाधान गर्न र सम्भावित समस्याहरूबाट समाज र नागरिकलाई सुरक्षित राख्न नेपाल सरकारले आवश्यक सतर्कता अपनाइरहेको व्होरासमेत म स्पष्ट गर्दछु,' उनले भनेका छन्, 'विभिन्न वर्ण, लिंग, जातजाति र धर्मको पहिचान भए पनि समग्रमा हामी नेपाली हौँ । नेपालको राष्ट्रिय हित र स्वार्थ नै हामी सबैका लागि सर्वोपरि रहन्छ र रहनुपर्दछ ।'

सबै धर्मको ध्येय राष्ट्रको हित, नागरिकको आस्था र विचारको सम्मान एवं समाजको सर्वोपरि हित नै रहेको प्रधानमन्त्रीले स्पष्ट पारेका छन्। विमतिहरूलाई संवादको माध्यमबाट समाधानमा पुऱ्याउनसमेत राजनीतिक शक्तिहरू, विभिन्न सामाजिक संस्थाहरू, धार्मिक समुदाय र त्यसका अगुवाहरू एवं नागरिक समाजको भूमिका नै महत्वपूर्ण रहने प्रधानमन्त्रीको भनाइ मनन योग्य छ । एकता र सद्भावको पक्षमा उभिन र समस्या समाधानका निम्ति आ–आफ्नो ठाउँबाट सम्भव पहल अहिलेको आवश्यकता हो ।

# बागलुङमा पहिरोले दुई घर भत्किए, दर्जन बढी उच्च जोखिममा

रासस
बागलुङ, ९ भदौ

भारी वर्षाका कारण बागलुङमा दुई दर्जन बढी घर पहिरोको जोखिममा परेका छन् ।

जिल्लाको बागलुङ नगरपालिका–६ मैदानका १२ घर र सिमका उपल्लोबारीका करिब १२ घर पहिरोको जोखिममा परेका हुन् । वर्षाको कारण पहिरोले घर भत्किँदा मैदानका दुई परिवार पूर्णरुपमा विस्थापित भएका छन् ।

वर्षाले घर भत्किँदा स्थानीय जमुना आचार्य र नारायणप्रसाद सापकोटाको परिवार विस्थापित भएको बागलुङ नगरपालिका–६ का वडाध्यक्ष रुद्रबहादुर केसीले बताउनुभयो । घर भत्किएपछि जमुना आचार्यको परिवार छिमेकी बालकृष्ण आचार्य र नारायण सापकोटाको परिवार छिमेकी मुक्ति आचार्यको घरमा आश्रय लिएर बसेको उहाँको भनाइ छ ।

घर भत्किँदा नारायणको रु १० लाख बराबरको क्षति भएको छ भने जमुनाको रु छ लाख बराबरको क्षति भएको छ । नारायणको अन्यत्र घर बनाउने जग्गासमेत नभएकाले थप समस्यामा रहेको वडाध्यक्ष केसीले बताउनुभयो । विस्थापित परिवारको बारेमा जिल्ला दैविक प्रकोप कार्यालयमा सिफारिस गरिएको वडाध्यक्ष केसीले बताउनुभयो । "पहिरोले दुई परिवारले घर छोडेर आफन्तकोमा आश्रय लिएका छन्, अन्य घर पनि भत्किन थालेका छन्, उनीहरूलाई सुरक्षित स्थानमा सार्नका लागि पहल गरेका छौँ", अध्यक्ष केसीले भन्नुभयो, "वर्षा अझै बाँकी छ, वर्षा भइरहेको हुँदा व्यवस्थापनमा पनि समस्या भइरहेको छ, दुई दर्जन बढी घर अहिले जोखिममा छन्, यसरी नै वर्षा भई रह्यो भने अझै अरु घर पनि जोखिममा पर्ने सम्भावना बढेको छ ।"

विस्थापित परिवारले बागलुङ नगरपालिकाबाट एक थान त्रिपालबाहेक कहीँकतैबाट सहयोग पाउन सकेका छैनन् । वर्षाको कारण वस्तीमाथिको जमिन बग्न थालेपछि रातिको समयमा जागराम बस्न बाध्य भएको स्थानीय नारायणले बताउनुभयो । घर कति बेला भत्किएर पुरिने भन्ने चिन्ताले पिरोली रहेको सापकोटाले दुःखेसो पोख्नुभयो ।

बागलुङ नगरपालिका–४ कुँडुले, वडा नम्बर ५ मालिका हुँदै पञ्कोटबाट वडा नम्बर ७ तिर्तौरे जाने शाखा सडकखण्डअन्तर्गत मैदानमा सडकमा माथिबाट खसेको पहिरोले अन्य तीन घर परिवार पनि विस्थापित भएका उहाँको भनाइ छ । पहिरो वरपरका अन्य धेरै घर पनि जोखिममा पर्न थालेपछि स्थानीय त्रसित बनेको सापकोटाले बताउनुभयो ।

# बेनी–जोमसोम सडक तीन दिनपछि पुनःसञ्चालनमा

पोखरापत्र संवाददाता
म्याग्दी, ९ भदौ

म्याग्दीको उत्तरी क्षेत्र हुँदै मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने बेनी–जोमसोम सडकमा तीन दिनपछि यातायात पुनःसञ्चालन भएको छ ।

गत बुधबारदेखि अवरुद्ध भएको ७६ किलोमिटर दुरीको बेनी–जोमसोम सडकको सिधा यातायात सेवा शनिबार अपराह्नदेखि पुनःसञ्चालन भएको हो । बेनी–जोमसोम–कोरला सडक आयोजनाका प्रमुख जगत प्रजापतिले म्याग्दीको अन्नपूर्ण गाउँपालिका–३ गुइठे, सुकेबगर, खामभित्ता, दुवारी क्षेत्रमा खसेको पहिरो पन्छाएर यातायात सञ्चालन गरिएको जानकारी दिनुभयो । "पाँच दिनको प्रयासपछि गत बुधबार दिउँसो खुलेको सडक साँझ पानी परेपछि पुनःअवरुद्ध भएको थियो", उहाँले भन्नुभयो, "वर्षात रोकिएर मौसममा सुधार भएपछि डोजर र मजदुर परिचालन गरेर सडक खुलाएका हौँ ।" कालीगण्डकीको कटान, कमजोर भूगोल, भूमिगत पानीको उचित व्यवस्थापन नहुनु र शाखा सडकका कारण भरेको पहिराले जलथले–दुवारी खण्डको सडक क्षतविक्षत बनाएको छ । जलथले र दाना क्षेत्रमा रोकिएका सवारी साधनहरु गन्तव्यतर्फ लागेका छन् । जिल्ला प्रशासन कार्यालयले बेनी–जोमसोम सडकअन्तर्गत म्याग्दी खण्डमा अत्यावश्यक काममा बाहेक यात्रा नगर्न आग्रह गरेको छ । पहिराका कारण सडक अवरुद्ध हुँदा यात्रुहरु अलपत्र पर्ने र दुर्घटनाको जोखिम बढेपछि शुक्रबार सार्वजनिक सूचना जारी गरेर बेनीदेखि दाना खण्डमा अति आवश्यक काम नपरी यात्रा नगर्न आग्रह गरेको हो । म्याग्दीका प्रमुख जिल्ला अधिकारी तुलसीराम पौडेलले सडक अवरुद्ध हुँदा तीर्थयात्रा र भ्रमणका लागि स्वदेशी तथा विदेशी पर्यटकले दुःख पाएकाले बाध्य भएर मौसममा सुधार र सडक सहज नहुँदासम्मका लागि यात्रामा नआउनका लागि आग्रह गरेको बताउनुभयो ।

# त्रिशूलीमा दुईजना बेपत्ता

रासस
चितवन, ९ भदौ

भरतपुर महानगरपालिका–२ ९ गाईघाटस्थित त्रिशूली नदीमा मुखधुने क्रममा खसेर दुई जना बेपत्ता भएका छन् ।

वनभोज खान गएका उनीहरू दिउँसो साढे चार बजेतिर नदीमा बेपत्ता भएका हुन् । जिल्ला प्रहरी कार्यालय चितवनका प्रवक्ता प्रहरी नायब उपरीक्षक विजय पण्डितका अनुसार बेपत्ता हुनेमा भरतपुर महानगरपालिका–१० सप्तगण्डकी चोकका ३० वर्षीय अर्जुन प्रधान र सोही ठाउँ बस्ने ३० वर्षीय प्रवीण श्रेष्ठ रहेका छन् ।

हाल उनीहरूको खोजी भइरहेको उहाँले जानकारी दिनुभयो ।

# खेलकुद पत्रकार र खेलकुद विकास मञ्चबीच मैत्रीपुर्ण खेल सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, ९ भदौ



खेलकुद विकास मञ्च पोखरा र खेलकुद पत्रकार मञ्च गण्डकीबीच मैत्रीपूर्ण फुटबल खेल सम्पन्न भएको छ । पोखरा रंगशालास्थित फुटबल मैदानमा शनिबार बिहान मैत्रीपुर्ण प्रतियोगिता सम्पन्न भएको हो । प्रतियोगितामा खेलकुद विकास मञ्चले खेलकुद पत्रकार मञ्च गण्डकीलाई ६–३ गोलअन्तरले हराउँदै विजयी भयो ।

मैत्रीपुर्ण खेलको समापनमा बोल्दै कास्की जिल्ला खेलकुद विकास समितिका अध्यक्ष तोरण बानियाँले आफूहरुले जिल्लाको नेतृत्व गर्न पाएपनि अधिकार भने निकै सिमित रहेको बताए । उनले पछिल्लो समय कास्कीको फुटबल खेल सस्कदै गएको र युवा खेलाडीहरुले खेलकुदपत्रकारसँग मैत्रीपूर्ण खेल खेल्दै खेलकुदको विकास आवश्यक रहेको सन्देश दिएको बताए । 'हिजो कास्कीको फुटबलको स्तर कहाँ थियो र आज कहाँ छ त्यो सबैलाई थाहा भएकै कुरा हो । हिजोका दिनसम्म राष्ट्रिय टिममा कास्कीको खेलाडी नपरेको समय नै हुनेथिएन तर आज कास्कीका खेलाडी राष्ट्रिय टिममा पर्ने छाडे यो फुटबलमा मात्र होइन अन्य खेलमा समेत समस्या छ' उनले भने, 'हामीले जिम्मेवारी त पाएका छौ तर अधिकार पाएका छैनौं । आज रंगशालाको उपभोग गर्न पर्यो भने राष्ट्रिय खेलकुद परिषदको अनुमति चाहिन्छ । हाम्रै आगनमा समेत हामीले केहि गर्न पाउँदैनौ खाली समिति बनाएर मात्रै खेलकुदको विकास हुँदैन ।' उनका अनुसार गण्डकीको खेलकुदमा निकै अस्तव्यस्त रहेको छ । यस्तै गण्डकी प्रदेश फुटबल संघका उपाध्यक्ष मिलन गुरुङले फुटबल खेलका लागि गण्डकी प्रदेश फुटबल संघ सधैं साथ र सहयोग गर्न तयार रहेको बताए ।

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दिनानाथ बरालले मैत्रीपूर्ण खेलले दुई संस्थालाई जोड्ने काम गरेको सुनाए । उनले अरबौ रुपैयाँमा बनेको रंगशालाको उपयोग खासै नभएकोमा चिन्ता व्यक्त गरे । पोखरामा अन्तर्राष्ट्रिय स्तरको पुर्वाधार निर्माण भएपनि स्तरीय प्रतियोगिता भने खासे नभएको सुनाए । खेलकुद विकास मञ्चका अध्यक्ष विक्रम थापाले खेलकुदको विकासका लागि मञ्चको स्थापना भएको सुनाए । उनले हरेक वर्ष खेलकुद पत्रकार हरुसँग मैत्रीपुर्ण खेल खेल्दै दुई संस्थाबीच सम्बन्ध गास्ने सुनाए ।

फुटसल प्रतियोगिताको आयव्यय सार्वजानिक

यस्तै खेलकुद विकास मञ्चले असार २९ र ३० गते आयोजना गरेको स्व.याम (राम) बहादुर थापा स्मृति फाइभ ए साइड फुटसल प्रतियोगिताको आयव्यय समेत सार्वजनिक गरेको छ । संस्थाकी उपाध्यक्ष अञ्जली भुषालले प्रतियोगिताबाट कुल एक लाख ४० हजार आम्दानी भएको छ भने दुई लाख रुपैयाँ खर्च भएको जानकारी दिइन् । प्रतियोगितामा टिम दर्तामार्फत ८० हजार, सहयोगमार्फत ६० हजार रुपैयाँ उठेको हो । प्रतियोगिताबाट ६० हजार रुपैयाँ घाटा भएको उनले बताइन् ।

# पहिरोले विद्यालय भवन उच्च जोखिममा

पोखरापत्र संवाददाता
बागलुङ, ९ भदौ

अविरल वर्षाका कारण आएको पहिरोले बागलुङ नगरपालिका–८ सिगानाको भैण्डाँडा आधारभूत विद्यालय उच्च जोखिममा परेको छ । पहिरोले विद्यालयको तारबारसहितको प्रवेशद्वार नै भत्काइसकेको छ । अहिले प्लाष्टिकले पहिरो छोपेर पठनपाठन गरिएको विद्यालयका प्रधानध्यापक योगेन्द्र हमालले बताउनुभयो ।

'एक निर्वाचन क्षेत्र एक रणनीतिक सडक'अन्तर्गत बागलुङ बजारदेखि बोक्से–सिगाना हुँदै बरेङ शान्तिपुर जोड्ने सडक छेउमै रहेको यस विद्यालयमा गत फागुनमा सुख्खा पहिरो खसेको थियो । अहिलेको निरन्तर वर्षाका कारण थप पहिरो गएपछि विद्यालयमा पढाउन नसक्ने गरी भवन जोखिममा परेको उहाँले बताउनुभयो । सडक चौडा पार्ने क्रममा फागुनमा पहिरो खसेको थियो । उक्त सडक विस्तारका क्रममा विद्यालयमुनि चट्टान फुटेपछि सुख्खा पहिरो खस्दा विद्यालय प्रवेशद्वारसम्मै पहिरोले क्षति पुऱ्याएको थियो । पहिरो रोकथामका लागि सडक निर्माणको जिम्मा पाएको निर्माण व्यवसायीले पक्की पर्खाल लगाए पनि निरन्तरको वर्षाका कारण थप पहिरो गएपछि पठनपाठनमा समस्या भएको प्रधानध्यापक हमालले बताउनुभयो । पहिरोले विद्यालय भवन उच्च जोखिममा पर्नुका साथै विद्यालयमा अध्ययनरत विद्यार्थीलाई समेत समस्या भएको छ । विद्यालय मुनि ४० मिटर गहिरो गरी पहिरो गएकाले विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूलाई समेत अध्यापनमा समस्या भइरहेको उहाँको भनाइ थियो । "सुख्खा पहिरोले विद्यालय उच्च जोखिममा परेको छ, बर्खा नलाग्दै जोखिम न्यूनीकरणको केही काम भएको थियो, पहिरोको जग माथिबाट थप पहिरो जाँदा विद्यालयको प्रवेशद्वार नै पहिरोले लग्यो", हमालले भन्नुभयो, "पहिरो तत्कालै नरोकिए विद्यालय भवनै क्षति पुग्ने देखिन्छ, अहिले प्लाष्टिकले पहिरो ढाक्ने मात्रै काम गरेका छौँ ।" उहाँका अनुसार विद्यालयको पछाडीपट्टिसमेत गत वर्ष आएको पहिरोले विद्यालयको शौचालय र धारामा क्षति पुऱ्याएको थियो । विद्यालयको पूर्व र पश्चिमपट्टी नै भिरालो जग्गा भएकाले पछिल्लो समय पहिरोको जोखिम भन बढेको उहाँको भनाइ थियो ।

# ताराखोलामा पक्कीपुल अभाव

पोखरापत्र संवाददाता
बागलुङ, ९ भदौ

सडकले सुगम बन्दै गएको बागलुङको ताराखोला गाउँपालिकाभित्र एउटा मात्रै पक्की पुल छ । धेरै खोला र खोल्सा भएको ताराखोला बर्खाको यात्रा भने सकसपूर्ण हुने गरेको छ ।

ताराखोला गाउँपालिकाको केन्द्र भातखानेडाँडा पुग्न अहिले गलकोटबाट मुस्किलले दुई घण्टा लाग्छ । घुस्मेलीखोलामा पुल नहुँदा अर्गलबाट साँघुबोट हुँदै घुस्मेली आउन एक घण्टा बढी समय लाग्ने गरेको स्थानीय बताउँछन् । गाउँपालिकाको वडा नं ३ देखि २ नम्बर जोड्ने घुस्मेलीखोलामा बर्खाको चार महिना यातायातका साधन वारपार गर्न सक्दैनन् । बर्खाको समयमा खोला बढेपछि अहिले एक घण्टा बढी समय खर्चेर घुमाउरो बाटो भातखाने डाँडा पुग्नुपर्ने बाध्यता छ । घुस्मेली खोलामात्रै हैन गाउँपालिकाभर बाह्रैमास सहज ढङ्गले सवारीसाधन चल्नका लागि १२ पक्की पुल आवश्यक रहेको ताराखोला गाउँपालिकाका अध्यक्ष धनबहादुर विकले बताउनुभयो । बाह्र पक्की पुल निर्माण गर्न रू ३० करोडभन्दा बढी खर्च लाग्ने पालिकाको अनुमान छ । पालिकाले पुल निर्माण गर्न नसक्दा प्रदेश र सङ्घीय सरकारमा माग गरिँदै आए पनि अहिलेसम्म एउटा पुलको योजनासमेत नपरेको अध्यक्ष विकको भनाइ थियो ।

"पालिकाभित्र एउटा मात्रै पक्की पुल छ, अहिले पालिकाले तीन कजवे(अस्थायी पुल) बनाएर यात्रालाई सहज बनाएका छौँ", उहाँले भन्नुभयो, "गाउँपालिकाभर १२ पक्की पुल आवश्यक छ । पालिकासँग पुल बनाउने बजेट छैन । प्रदेश र सङ्घीय सरकारलाई बजेट माग गर्दै आए पनि हालसम्म योजना पर्न सकेको छैन ।" उहाँले यस वर्ष पनि पालिकाले दुई वटा कजवे बनाउने उद्देश्य लिएको जानकारी दिनुभयो । अध्यक्ष विकका अनुसार ताराखोलामा पुललाई पहिलो प्राथमिकता राख्न प्रदेश र सङ्घीय सरकारलाई आग्रह गर्दै आइएको छ । हिउँदको समयमा खोला सानो हुँदा १५ मिनेटमै गाउँपालिकाको केन्द्र भातखाने डाँडाबाट घुस्मेली आए पनि अहिले खोलामा पुल नहुँदा एक घण्टाको घुमाउरो सडक प्रयोग गर्न बाध्य भएको स्थानीय तारा थापाले बताउनुभयो । "सडक कच्ची भएर त्यति समस्या छैन जति पुल नहुँदा छ । यहाँ धेरै खोला पार गर्नुपर्ने, बर्खामा खोला नतर्दा यातायात नै ठप्प हुन्छ", उहाँले भन्नुभयो, "यहाँका एक दर्जन खोला र खोल्सामा पक्की पुल बनेमात्रै बाह्रैमास यात्रा सहज हुनेछ ।" चार वर्षअघि ताराखोलाको साँघुबोटमा पक्की पुल बनेको थियो । थपाले ठूलोखोलामा पालिकाले अहिले कजवे निर्माण गरेर सञ्चालन गरिरहेको जनाउँदै पालिकाले गत वर्ष दोगाडीघाँट र धपाङघाटमा कजवे निर्माण गरेपछि यात्रा सहज भएको बताउनुभयो । चालु वर्षमा पालिकाले समस्याग्रस्त स्थानमा प्राथमिकताका आधारमा कजवे निर्माण गरेर यात्रा सहज बनाउने उद्देश्य अनुरुप योजना बनाइरहेको अध्यक्ष विकले जानकारी दिनुभयो ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : अप्रत्यसित लाभ |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : आर्थिक समस्या | धनु | : झमेला बढ्ने |
| कर्कट | : मानसिक तनाब | मकर | : कार्यमा सफलता |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : मन चञ्चल |
| कन्या | : व्यापारमा लाभ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्पर्कनुहोस् ।

**बुटिक बिक्रीमा**
सृजनाचोकमा अत्यन्त चालु अवस्थामा रहेको बुटिक पसल विशेष कारणवस तुः बिक्रीमा छ ।
सम्पर्कः ९८१५१५६३०३

